# गोल्डफिस पालन प्रविधि

गोल्डफिस संसारमा सबभन्दा बढी मन पराउने र धेरै बिक्री हुने माछा हो। यो माछा घरको सजावट, होटल, रेस्टुरेन्ट तथा अस्पताल, कलेज, स्कुल आदि सार्वजनिक स्थलहरुमा मनोरन्जनको लागि पालन गर्रिंदै आईएको छ। नेपालमा वार्षिक २५ करोड भन्दा बढीको व्यवसायीक कारोवार हुने सजावटी माछाहरु मध्ये यस माछाको हाल मत्स्य अनुसन्धान केन्द्र, पोखरामा प्रजनन् प्रविधिको विकास भैसकेको छ। यस माछाको व्यवसाय खास गरी काठमाडौं उपत्यका र अन्य मुख्य शहरहरुमा हुँदै आएको छ। शरीर डल्लो खालको तथा विभिन्न रंगहरुमा पाईने यस माछाको जीवन चक्र १२ वर्षसम्म उल्लेख भएको पाईन्छ। यो माछा सानो आक्वारीयमको लागि उपयुक्त हुन्छ। यस माछाका विभिन्न जातहरु मध्ये कमन गोल्डफिस, कोमेट, मुर, सुवुनकिन, पर्लस्के ल, रायुकिन, लायनहेड, रेडक्याप, ओरण्डा, रन्चु आदि जातहरु प्रमुख हुन्।

**अधिकतम साईजः** शारीरिक लम्वाई १५-२० से.मी. अर्थात १२ ईन्च सम्मको हुन्छ।

**तापक्रमः** पानीको तापक्रम २०°-२५° से. सम्म उपरयुक्त मानिन्छ।

**हेरचाहः** गोल्डफिस सरल स्वभावको हुनाले एक्वारियमको लागि उपयुक्त माछा हो। एक्वारियममा हावा पम्प, फिल्टर पम्प गाडेको वा पानी बगी रहने हुनु पर्दछ। एक्वारियम फोहोर भएमा हप्तामा १ पटक पानी सफा गर्नु पर्दछ।

**आहाराः** गोल्डफिस मच्छालाई प्राणीजन्य स्रोत बढी भएको ३० प्रतिशत प्रोटिनयुक्त क्रम्बल दाना खुवाउनु पर्दछ। यस माछाको भुरालाई प्राकृतिक आहारा (जुप्लाङ्कटोन) बढी उपयोगी हुन्छ।

**प्रजनन:** यो माछा २ बर्षको उमेरमा परिपक्व हुन्छ। भालेको पेट थिच्दा वीर्य (मिल्ट) आउँछ भने पोथीको पेट भालेको भन्दा केही ठूलो हुन्छ। यो माछालाई एक्वारियम तथा सानो बगैंचा पोखरी आदिमा प्रजनन गराउन सकिन्छ। प्रजनन गराउने स्थानमा काकाबन बनाएर पिंध तथा चारैतिर अण्डा टाँसिन सक्ने गरी पानीको सतह भन्दा तल मिलाएर राख्नु पर्दछ। परिपक्व भएको माउहरुलाई राख्दा १ पोथीलाई २ गोटा भाले पर्ने गरी एकैसाथ एकै ठाउँमा राख्नु पर्दछ। कृत्रिम हर्मोन (ओभाप्रिम) पोथीको लागि ०.४ मि.लि. र भालेको लागि ०.२ मि.लि./के.जी. का दरले प्रयोग गर्न सकिन्छ। एक पटकमा वयस्क पोथीले ३००० गोटासम्म अण्डा दिने गर्दछ।

नेपाल कृषि अनुसन्धान परिषद

**मत्स्य अनुसन्धान महाशाखा**